सुनिल स्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर,रोल्पा

प्रदेश नं ५

Visit Nepal 2020 Lifetime Experiences

प.स २०७६।०७७
च.नं:

मिति : २०७७। ०२।२२

## प्रस्ताव आह्वान सम्वन्धी सूचना

प्रथम पटक मिति २०७७।०२।२२

चालु आ व २०७६।०७७ मा भूमि व्यवस्था ,कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं.५ को स्वीकृत कार्यक्रम अनुसार कोभिड लक्षित व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम र विदेशबाट फर्केका र व्यवसाय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक , कृषक समूह तथा कृषि सहकारीले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले कम्तिमा १५ दिन भित्र (मिति २०७७।०३।०४) गते भित्र सामाजिक दुरी कायम गरी यस कार्यालयमा तपशिलको विवरण पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन / सूचना टासँ गरिएको छ।

तपशिल

| क्र.स | विवरण | न्यनतम मापदण्ड क्षेत्रफल वा सङख्या | अनुदान रकम रु |
|---|---|---|---|
| १ | कोभिड लक्षित व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | न्यूनतम २ रोपनी जग्गामा तरकारी खेती गर्नुपर्नेछ | अधिकतम रु २०,०००।- |
| २ | विदेशबाट फर्केका र व्यवसाय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम | स-साना कृषि औजार खरिद , मौरीपालन हकमा कम्तीमा ३ घार ,च्याउ खेतीको हकमा कम्तीमा ५० गोला, कुखुरापालनको हकमा कम्तीमा ५० चल्ला ,बाख्रापालनको हकमा ५ वटा पाठापाठी भएको हुनुपर्ने , खेती गरेको हकमा २ देखि ३ रोपनीमा तरकारी खेती गरेको हुनुपर्नेछ । | अधिकतम रु २०,०००।- |

### पेश गर्नुपर्ने कागजातहरु

१)निवेदन फाराम
२)निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण वा विदेशबाट फर्केको भए प्रमाणपत्रको फोटोकपि
३)अनुसूची -४ अनुसारको प्रस्ताव ढाचा
४)सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

अन्य विवरणहरु सुनिलस्मृति गाउँपालिकाको वेवसाइटबाट कोभिड विशेष कृषि कार्यक्रम २०७७ डाउनलोड गरेर तथा सम्वन्धित वडा कार्यालय वा गाउँ कार्यपालिकाको कार्यालय वा कृषि शाखा /पशुसेवा शाखामा सम्पर्क गर्न सकिनेछ।

कृषि शाखा प्रमुख

प्रमुख प्रशासकीय अधिकृत